'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौ ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख साप्ताहिक

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

वर्ष ५ | अंक १९ रुकुम | २०७६ बैशाख २ सोमबार | 15 April 2019 Monday | मुल्य २० | पृष्ठ ६

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा हाम्रा विज्ञ पाठक, विज्ञापनदाता, संवाददाता, शुभचिन्तक, पत्रकाहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रविर ददेल (सम्पादक )
रेखदेख साप्ताहिक परिवार
रुकुम (पश्चिम)



विद्यालय शिक्षाको गुणस्तर २



२०७६ सालमा नेपालको वार्षिक भविष्यफल ४



जुवा खेल्ने कुखुराका भाले पक्राउ ६

### प्राकृतिक स्रोत साधनको दुरुपयोग

# अनुमती बिनै क्रसर उद्योग

रेखदेख संवाददाता
मुसीकोट

रुकुम पश्चिममा अबैध क्रसर उद्योग सञ्चालन गरिएको छ । दुई वर्ष देखी रुकुम पश्चिमको सानीभेरी गाउँपालिका स्थित सुलिहालेमा अवैध क्रसर उद्योग सञ्चालन गरिएको हो ।

निर्माणधिन मध्यपहाडी लोकमार्ग सडकको छेउ स्थित सानीभेरी नदिमा अबैध क्रसर उद्योग सञ्चालन गरेको स्थानीयले गुनासो गरेका छन् ।

अबैध रुपमा सानीभेरी नदीको बालुवा तथा ढुङ्गा उत्खन्न गर्दै आएको उक्त क्रसर उद्योग दर्ता तथा स्वीकृत विनै सञ्चालन भएको हो । जसका कारण राजश्व समेत गुमेको स्थानीयले बताएका छन् ।

अवैध रुपमा सञ्चालनमा रहेको क्रसर उद्योगलाई कारबाही गर्न स्थानीय सरकारले कुनै पहल गरेको छैन् । आफुहरुले दर्ता नगरेर क्रसर उद्योग सञ्चालन किन गरेको भनेर पत्राचार गरेको गाउँपालिकालाई मध्यपहाडि लोकमार्ग राष्ट्रिय गौरबको आयोजना भएकाले दर्ता गर्नु नपर्ने जवाफ दिएको गाउँपालिका अध्यक्ष नरबहादुर पुनले बताए । सडक तथा पुल निर्माणमा



प्रयोग गरिने गिट्टी, वालुवा तयार गर्नको लागि निर्माण कम्पनीले कुनै पनि निकायबाट अनुमति नलिएर अवैध क्रसर उद्योग सञ्चलान भइरहेको हो । सडक र पुल निर्माणको काम गर्नका लागि क्रसर उद्योग स्थापना गरेकाले हटाउन नसकिने सानीभेरी गाउँपालिकाले जानकारी दिएको छ ।

आफुहरुले अब छिट्टै कानुनी प्रक्रियामा ल्याउने गाउँपालिका अध्यक्ष पुनले बताए । स्थानीय स्वायत्त शासन ऐन बमोजिमको प्रक्रिया पूरा गरी अनुमति लिएर सञ्चालन गराउने उनको भनाई छ । छिट्टै कानुन अनुसार सञ्चालन नभएमा क्रसर उद्योग बन्द गराउनको लागि स्थानीय प्रहरी प्रशासनलाई आग्रह गर्ने अध्यक्ष पुनको भनाई छ। सडक निर्माणका लागि आएको कम्पनी भएकाले हामीले हटाउन सकेका थिएनौं,' अध्यक्ष पुनले भने, खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन र क्रसर सञ्चालन गर्नको लागि अनुमति लिएर कानुनको दायरामा ल्याउँछौं ।' वातावरणीय प्रभाव मुल्यांकन अनुरूपका प्रक्रिया पूरा गरी अनुमति दिने गाउँपालिकाको तयारी रहेको छ।

राज्यलाई कर छलि गर्नुका साथै वातावरणीय प्रभाव मुल्यांकन समेत नगरेर जथाभावि रुपमा सञ्चालन भएका क्रसर उद्योग तत्काल बन्द गर्नुपर्ने स्थानीयवासी रामबहादुर खड्काले बताए ।

वातावरणीय प्रभाव मुल्यांकन अनुसार निर्माण भएको पुलको ५ सय सय मिटर तलमाथि ढुंगा, गिट्टी तथा बालुवा उत्खनन गर्न नपाउने कानुनी व्यवस्था छ। योजना निर्माण गर्न निश्चित समय अवधिका लागि खोलिने उद्योगहरूले समेत अनुमति लिनुपर्छ । तर क्रसर उद्योग सञ्चालकहरुले भने केहि समयका लागि मात्र आफुहरु क्रसर सञ्चालन गरिएको बताउँदै आएका छन् । संघीय सरकारले गिट्टी, वालुवा उत्खनन र व्यवस्थापनको जिम्मा जिल्ला समन्वय समितिलाई दिएको छ । प्राकृतिक स्रोत साधनमा अबैध रुपमा भएको उत्खनन् लाई कानूनी दायरामा ल्याउने जिल्ला समन्वय समितिका सदस्य धनबीर ओलीले बताए । उनले भने, अबैध रुपमा सञ्चालन गरेका क्रसर उद्योगलाई छिट्टै कानूनी दायरामा ल्याउने जिल्ला समन्वय समितिले जानकारी दिएको छ ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्र महतो (प्रमुख)
जलश्रोत सिचाइ तथा सव डिभिजन कार्यालय
रुकुम (पूर्व)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नविनकुमार खड्का (अध्यक्ष )
जिल्ला मदिरा व्यवसायी संघ
रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण देश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपेन्द्र रावल — प्रमुख प्रशासकीय अधिकृत
निर्मला विष्ट (खड्का) — उपप्रमुख
झक्कुप्रसाद घर्ति — प्रमुख

तथा त्रिवेणी गाउँपालिका परिवार रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण देश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै आफ्नो व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता गर्नुहुन र व्यक्तिगत घटना दर्ता सप्ताह २०७६ सफल बनाउन सम्पूर्ण सिस्ने गाउँपालिकाबासीमा हार्दिक अनुरोध गर्दछौं ।

विमला रोका (श्रेष्ठ) — प्रमुख प्रशासकीय अधिकृत
कुमारी बराल (गौतम) — गाउँपालिका प्रमुख

तथा सिस्ने गाउँपालिका परिवार रुकुम (पूर्व)
प्रदेश नं. ५ नेपाल

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!



नयाँ वर्ष ..............................
नयाँ सुरुवात..............................
नयाँ भर्ना..............................



"शिक्षामा नयाँपन-व्यवहारमा परिवर्तन" भन्ने मुल नाराका साथ आफ्नै पक्की भवनमा विगत १० वर्ष देखि उत्कृष्ट शैक्षिक वातावरणमा सञ्चालित सल्लेको एक मात्र निजी शैक्षिक संस्था यस रातोतारा स्कुलमा यहि मिति २०७६ साल बैशाख १ गते देखि कक्षा नर्सरी देखि कक्षा ५ सम्म नयाँ भर्ना खुला गरिएको ब्यहोरा सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

हाम्रा विशेषताहरु:-

- अङ्ग्रेजी भाषाको चारवटै विद्या (Reading, Writing, Speaking, Listening) मा पठनपाठन गराउने व्यवस्था भएको ।
- दक्ष र अनुभवी जनशक्ति भएको ।
- बालमैत्री वातावरण भएको ।
- कक्षा १ देखि आधुनिक कम्प्यूटर प्रयोगशाला भएको ।
- भुकम्प प्रतिरोधी पक्की भवन भएको ।
- स्वच्छ पिउने पानी र खेलमैदानको राम्रो व्यवस्था भएको ।
- एउटै घरका ३ जना विद्यार्थी भर्ना भएमा १ जनालाई मासिक शुल्क छुटको व्यवस्था भएको ।
- स्वच्छ, शान्त र उपयुक्त वातावरण भएको ।
- कमजोर बालबालिकाको लागि सस्तो शुल्कमा बाह्रै महिना ट्यूसन र कोचिङ्ग व्यवस्था भएको ।
- अन्तरक्रियात्मक शिक्षण सिकाई भएको ।
- बोर्डस र डे बोर्डसको व्यवस्था भएको ।
- हरेक हप्ता I.Q. र वस्तुगत प्रश्नसहितका Class Test को व्यवस्था भएको ।
- हरेक मंगलबार अतिरिक्त क्रियाकलापको व्यवस्था भएको ।
- नैतिक, अनुशासन र संस्कारमा विशेष जोड ।

विशेष ध्यानाकर्षण

बैशाख १-३ गते सम्म भर्ना हुन आउनेलाई ५०% छुट र स्कुलको एउटा क्यालेण्डर निःशुल्क

प्रिन्सीपल
अधिवक्ता रचना मल्ल
भाइस प्रिन्सीपल : राजेश बुढामगर
सम्पर्क नम्बरहरु : ०८८-५३०३७०
९८५७८२३७४३, ९८४९०५०७०४

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ बैशाख २ सोमबार । 15 April 2019 Monday
दृष्टिकोण २
www.rekhadekh.com

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### नयाँ वर्षको शुभकामना

बसन्त ऋतुको आगमनसँगै नयाँ वर्ष २०७६ हाम्रो माझ आइसकेको छ । नयाँ बर्ष २०७६ सालको पावन अवसर मा सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई तथा दिदीवहिनी लगायत हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, संवाददाता, लेखक, शुभचिन्तहरुमा हार्दिक मंगलमय ब्यक्त गर्दछौं । यसै सन्दर्भमा रुकुमको लोकप्रिय पत्रिका रेखदेख साप्ताहिकले नयाँ वर्षसँगै रेखदेख साप्ताहिकलाई थप नयाँ बनाउने यहाँहरु समक्ष प्रतिवद्धता जनाउन चाहान्छौं । २०७५ सालमा हामीले रेखदेख साप्ताहिकलाई अनलाईन समेत व्यवस्थित बनाएका छौं । पत्रिकालाई समेत थप शसक्त बनाउने प्रयत्न गरेका छौं । नयाँ वर्ष २०७६ सालमा पनि पत्रिकालाई थप शसक्तका साथै अनलाईन संस्मरणलाई समेत थप प्रभाबकारी बनाउने प्रतिवद्धता जनाउन चाहान्छौं ।

रेखदेख साप्ताहिकलाई शुरुवात देखि हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, संवाददाता, लेखक र शुभचिन्तकहरुले हामीलाई देखाएको माया, ममता र सद्भाव र सहयोगले हाम्रो रेखदेख यात्रालाई यो स्थानमा पुऱ्याएको छ । आगामी दिनमा समेत यहाँहरुको माया ममता र सहयोगको अपेक्षा गर्दछौं ।

## रेखदेख


### पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# विद्यालय शिक्षाको गुणस्तर

**भौतिक पूर्वाधार र इमानदार, दक्ष एवं निष्ठावान शिक्षकहरू हुने हो भने नेपालको सार्वजनिक विद्यालयमा पनि विश्वस्तरको जनशक्ति उत्पादन हुनसक्छ भन्ने उदाहरण बूढानीलकण्ठ स्कुल हो । बूढानीलकण्ठ स्कुलले प्रविधिलाई उपयोग गर्न सक्षम, दक्ष, सचेत, अन्तराष्ट्रिय बजारमा पनि अब्बल कहलिन सक्ने, वैयक्तिक भिन्नता बाहेक कुनै पनि विभेदमा विश्वास नगर्ने, निष्ठावान, स्वावलम्बी तथा कर्तव्यनिष्ठ तथा चरित्रवान जनशक्ति उत्पादन गर्दै आइरहेको छ ।**



केशर खुलाल



नेपालमा सामुदायिक विद्यालयप्रति जनसाधारणको दृष्टि अझै पनि संकीर्ण नै देखिन्छ । यसको प्रमुख कारण त त्यस्ता विद्यालयमा गुणस्तरको कमी नै हो । तर, अरु कारण पनि छन् । शिक्षाको लागि उचित भौतिक तथा शैक्षिक संरचनाको अभाव छ । धेरै शिक्षकमा नैतिक तथा पेसागत मर्यादाको कमी देखिन्छ । शिक्षक तथा विद्यार्थीको राजनीतिक संलग्नताले पनि सामुदायिक विद्यालयको पठनपाठन प्रभावित हुने गरेको छ । शिक्षा निःशुल्क भइदिनाले पनि त्यसप्रति अभिभावकमा विश्वास जाग्न नसकेको हुनुपर्छ ।

स्तरीय विद्यालय शिक्षाका लागि पर्याप्त भौतिक संरचना र गुणस्तरीय शैक्षिक सामग्री आवश्यक हुन्छ । विद्यार्थीलाई भय, चिन्ता र भेदभाव मुक्त वातावरण चाहिन्छ । विभिन्न नकारात्मक सामाजिक गतिविधिबाट पनि विद्यार्थीलाई टाढा राख्नुपर्ने हुन्छ । अनिमात्र विद्यार्थीलाई पढाइमा एकाग्र बन्न सहयोग पुग्छ ।

एकाग्र भएर शैक्षिक गतिविधिमा मात्रै केन्द्रित हुने वातावरण विद्यार्थीलाई चाहिन्छ । त्यसैगरी शिक्षण पेसा र विद्यार्थीप्रति समर्पित दक्ष तथा प्रेरणादायी शिक्षक पनि गुणस्तरीय शिक्षाका लागि अनिवार्य आवश्यकता हुन् । किताबी ज्ञानलाई भन्दा पनि विद्यार्थीका जिज्ञासालाई बढी ध्यान दिनुपर्ने हुन्छ, बुझाइलाई जोड दिनुपर्छ । निरन्तर मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिनुपर्छ र खेलकुद तथा अतिरिक्त क्रियाकलापमा ध्यान दिनुपर्छ । यसका साथै समाजसेवा, सामूहिक गतिविधि तथा स्वावलम्बन प्रवर्द्धन गर्ने क्रियाकलापमा सम्मिलित हुन विद्यार्थीलाई प्रोत्साहन गरेको खण्डमा शिक्षाको गुणस्तर अवश्य बढ्छ । विद्यार्थीले कुनै पनि बेला साथीबाट, अग्रजबाट, शिक्षकबाट वा प्राविधिक शैक्षिक स्रोतबाट सिक्न पाउनुपर्छ । यी सबै अवयवको समिश्रणबाट नै शिक्षामा गुणस्तर कायम गर्न सकिन्छ ।

शिक्षामा गुणस्तर ल्याउन जति गाह्रो छ त्यसलाई कायमै राख्न पनि कम चुनौतीपूर्ण छैन । यसका लागि शिक्षक तथा कर्मचारीको समर्पण र व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै संवेदनशील विषयमा अपनाइएको निष्पक्षता तथा 'नो कम्प्रोमाइज'को अवधारणा पनि सफलताको कारक हुने गर्छ ।

मुलुक संघीयतामा गएपछि शिक्षाको क्षेत्रमा नीतिगत परिवर्तनहरू भएका छन् । थुप्रै आशाजनक नीतिहरू तयार गरिँदैछन्, प्रतिबद्धता जाहेर भएका छन् । गुणस्तरीय जनशक्तिलाई मात्र शिक्षण पेसामा भिœयाउने, शिक्षक पेसालाई मर्यादित बनाउने, विद्यालयलाई राजनीतिबाट मुक्त गर्ने, शिक्षकले राजनीति गर्न नपाउने आदि सकारात्मक कुराहरू छन् ।

प्रधानाध्यापकलाई करारमा लाने र शक्ति सम्पन्न बनाउने, विद्यालय व्यवस्थापन समितिको सट्टा विकास समिति बनाउने, सार्वजनिक शिक्षामा थप लगानी गर्ने, निजी विद्यालयलाई सेवामूलक बन्न प्रोत्साहन गर्ने, सीपमूलक र प्राविधिक शिक्षामा जोड दिनेजस्ता थुप्रै लोकप्रिय नीतिहरू अघि सारिएको छ । यद्यपि, केही अति नै सैद्धान्तिक र अव्यावहारिक नीतिहरू पनि छन् । तिनलाई भने सुधार्नुपर्छ । भविष्य आशलाग्दो छ तर नीतिलाई व्यवहारमा उतार्ने बेलामा सरोकारवाला सबैको प्रतिबद्धता आवश्यक हुन्छ । सरकारमात्र नभई सर्वसाधारण सबैले व्यक्तिगत स्वार्थबाट माथि उठेर आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक निभाएको खण्डमा नेपालको विद्यालय शिक्षाको स्तर सजिलै माथि उठ्छ । आशावादी हुने आधारहरू छन् ।

भौतिक पूर्वाधार र इमानदार, दक्ष एवं निष्ठावान शिक्षकहरू हुने हो भने नेपालको सार्वजनिक विद्यालयमा पनि विश्वस्तरको जनशक्ति उत्पादन हुनसक्छ भन्ने उदाहरण बूढानीलकण्ठ स्कुल हो । बूढानीलकण्ठ स्कुलले प्रविधिलाई उपयोग गर्न सक्षम, दक्ष, सचेत, अन्तर्राष्ट्रिय बजारमा पनि अब्बल कहलिन सक्ने, वैयक्तिक भिन्नता बाहेक कुनै पनि विभेदमा विश्वास नगर्ने, निष्ठावान, स्वावलम्बी तथा कर्तव्यनिष्ठ तथा चरित्रवान जनशक्ति उत्पादन गर्दै आइरहेको छ । थुप्रै उद्यमी, वैज्ञानिक, दक्ष शिक्षक, प्राविधिक, व्यावसायी तथा प्राज्ञ बूढानीलकण्ठ स्कुलबाट उत्पादन भएका छन् ।

जुन क्षेत्रमा गएका भए पनि लगनशिलता, सिर्जनशिलता, विश्वासनियता तथा इमान्दारी उनीहरूको पहिचान हो । प्रायःले आफ्नो क्षेत्रमा नेतृत्व नै लिइरहेका छन् । गुगल, माइक्रोसफ्ट, अमेजन, एप्पल कम्प्युटरजस्ता कम्पनीमा महत्वपूर्ण प्रविधिकका रुपमा बूढानीलकण्ठ स्कुलका भूतपूर्व विद्यार्थीहरू कार्यरत छन् । विश्व बैंक, गोल्डम्यान स्याक, एडीबीजस्ता ख्यातिप्राप्त संस्थाहरूका महत्वपूर्ण ओहोदामा पनि बूढानीलकण्ठका उत्पादन छन् ।

त्यसैगरी क्यान्सर र क्षयरोगको बारेमा सबैभन्दा नौलो अन्वेषक बन्न सफल हुनुका साथै नेपालको प्रथम भूउपग्रह बनाउने वैज्ञानिक पनि हाम्रै विद्यार्थी बनेका छन् । बुद्ध एयर, मनकामना केवुलकार, भाएनेट, डिसहोम टिभी, क्यूएफएक्स जस्ता संस्था सञ्चालन गर्ने सफल उद्यमी, ख्याति प्राप्त डाक्टर, इन्जिनियर, शिक्षक, विद्यालय सञ्चालक, उद्योगपतिदेखि राष्ट्रिय स्तरका योजनाकार, नेता तथा मन्त्रीसम्म बनेर देशको सेवा गरिरहेका छन् । विद्यालय शिक्षाको सुधारका लागि गरिने प्रयास फलदायी हुन्छ भन्ने पुष्टि बूढानीलकण्ठ स्कुलको उदाहरणबाट हुन्छ । नीतिलाई व्यवहारमा उतार्नु नै अहिलेको प्रमुख चुनौती हो । नीतिलाई कार्यान्वयन गराउनको सट्टा आआफ्ना क्षणिक स्वार्थका लागि नीति नै फेरिदिने, राम्रो भन्दा पनि हाम्रोलाई काखी च्याप्ने, कुनै पनि नैतिक जिम्मेवारी नलिने, जस्तोसुकै बेथितिलाई पनि सहजै स्वीकार्ने हामी जनताको मानसिकतामा परिवर्तन गरी सबैमा सरकारका राम्रा शैक्षिक नीतिलाई सफल बनाउन ऐक्यबद्धता सृजना गर्नु अर्को ठूलो चुनौती हो । हिजोका गलत निर्णयका परिणामस्वरुप हात लागेका विद्यमान उल्झनहरूलाई व्यवस्थित गरी नयाँ नीतिलाई कार्यान्वयन गराउन आवश्यक वातावरण सृजना गर्नु पनि ठूलो चुनौतीका रूपमा रहेको देखिन्छ । *बाह्रखरी डटकमबाट*

यस TNT टेक्निकल कलेज
मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ वर्षे कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• I .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

हाम्रा विशेषताहरु:-

- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

**नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्यहोरा जानकारी गराईन्छ ।**

**थप जानकारिको लागी**
TNT टेक्निकल कलेज
मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो) रुकुम (पश्चिम) सम्पर्क : ९८२२८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५

बालमैत्री गुणस्तरिय र वैज्ञानिक शिक्षा हाम्रो प्रतिवद्धता
सम्वृद्ध नेपाल निर्माणमा संस्थागत विद्यालयको अपरिहार्यता

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

विगतका वर्षदेखि निरन्तर S.L.C तथा SEE परिक्षामा विशिष्ट श्रेणी तथा A+ ग्रेड सहित शत प्रतिशत विद्यार्थी उतिर्ण गराउन सफल श्री न्यूमुन लाईट सेकेन्डरी बोर्डिङ्ग स्कुल मुसिकोट ५ सेरिगाँउ रुकुम (पश्चिम) र यसै विद्यालयद्धारा सञ्चालित श्री मुसिकोट ऐकेडेमि मुसिकोट-१खलंगा रुकुम (पश्चिम) मा शैक्षिक सत्र २०७६ का लागि नविनतम प्रविधिको ज्ञान, शीप प्राप्त शिक्षक र मन्टेश्वरी विधिको तालिम प्राप्त शिक्षिकाद्धारा स्मार्ट व्यवस्स्थापनका साथ बहुआयामिक तवरद्धारा पठन पाठनका लागि मन्टेश्वरी देखि कक्षा ९ सम्मको भर्ना विशेष छुट सहित सञ्चालन हुने भएकाले समयमै बृद्धिमत्ताको प्रयोग गरि भविष्यमा नपछुताउन सम्वन्धित सबैमा सहर्ष जानकारी गराईन्छ ।

**हाम्रा विशेषताहरु:-**
- बालमैत्री, एकान्त एंव मनोरम वातावसण भएको ।
- मन्टेश्वरी तालिम प्राप्त शिक्षक शिक्षिकाहरुद्धारा नविनतम प्रविधि (प्राजेक्टर, युटयुव, लाइभ स्टीमिङ्ग आदि) को प्रयोग गरि पठनपाठन गराई रहेको ।
- यस वर्ष देखि मन्टेश्वरी तथा नर्सरी कक्षाहरुका लागि प्ले स्टेशनको व्यवस्था भएको ।
- विद्यार्थीको आवस्यकता अनुसार इमेल इन्टरनेटको पहुच भयको ।
- बिहान वेलुका अतिरिक्त कक्षाको व्यवस्था भएको ।
- उपयुक्त कक्षा कोठा, खेलमैदान र स्वच्छ पिउने पानीको उचित व्यवस्था भएको ।
- प्रत्येक शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन हुँदै आएको ।
- सुविधायुक्त आवास (Hostel) को व्यवस्था भएको ।
- टाढाको वालवालिकाहरुको लागि स्कुल वसको व्यवस्था भएको ।
- गरिब जेहन्दार, असहाय तथा द्वन्दपीडितलाई निश्चित कोटामा छात्रबृत्ति उपलब्ध गराउँदै आएको ।
- विद्यालयको हाताभित्र चमेना गृह (क्यान्टीन) को व्यवस्था भएको ।
- प्याकेजको रुपमा संगित, नृत्य, गितार र मार्सल आर्ट सम्वन्धिका कक्षाहरु पनि सञ्चालन गरिरहेको ।
- कक्षा ११ र १२ मा व्यवस्थापन (Commerce)र कानून (Law) समूहका विषय पठन पाठन भैरहेको । भएको ।

**नोट : कक्षा १ देखी कक्षा ९ सम्मका लागि प्रवेश परिक्षा फारम चैत २० गते देखी वितरण भैरहेको र फारम भरेका विद्यार्थीहरुको प्रवेश परिक्षा बैशाख २,७ र ९ गते दिउसो १२ बजे विघालयमा हुने छ । प्रवेश परिक्षामा सफल विद्यार्थीहका लागि पनि भर्नामा छुटको सहुलियत प्रदान गारिनेछ । कक्षा संचालन बैशाख १० गतेबाट हुनेछ ।**

खड्कबहादुर कँवर प्रिन्सिपल तथा विद्यालय परिवार श्री न्यूमुन लाईट बोर्डिङ्ग स्कुल मुसीकोट रुकुम पश्चिम) सम्पर्क नम्बर ०८८-५३००५३, ०८८-५३०३१७ ९८४७९९३९६ र ९८४४९२५९५८

# क्षमता अभिवृद्धि तालिम सम्पन्न

**रेखदेख संवाददाता**
**सिम्ली**

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकामा क्षमता अभिबृद्धि तालिम सम्पन्न गरिएको छ । त्रिवेणी गाँउपालिकाको आयोजना र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुकुम पश्चिमको सहयोगम त्रिवेणी गाँउपालिका वडा नं: ४ स्थित खारा स्वास्थ्य चौकी व्यवस्थापन समिति र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ । तालिममा यस क्षेत्रका स्वास्थ्य समस्या, समधानका उपाय, सहश्राब्दी तथा दिगो विकास लक्ष्य, आधारभुत स्वास्थ्य सेवा, संघका न्युनतम मापदण्ड र गुणस्तर स्वास्थ्य सेवा लगायतका विषयमा सहजीकरण गरिएको थियो । यसका साथै आधारभुत स्वास्थ्य सेवा क्षेत्रका मौलिकहक र स्वास्थ्य सेवामा संघ, प्रदेश र स्थानिय सरकारको कार्यक्षेत्र, स्थानियतहमा स्वास्थ्य संरचना र स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको भूमिका विषयमा समेत छलफल गराएको थियो । यसैगरी तालिम पश्चात उक्त स्वास्थ्य चौकिको बार्षिक कार्ययोजना निर्णय गरीएको छ । यस त्रिवेणी गाउँपालिकाका उपाध्यक्ष निर्मला विष्ट खडकाको प्रमुख आथित्यतामा तीन दिने तालिमको समापन गरिएको थियो ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण देश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

माधवप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रेमकुमारी सुनार (केसी)
उपप्रमुख

देवीलाल गौतम
नगरप्रमुख

**मुसीकोट नगरपालिका परिवार रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण देश तथा विदेशमा रहनु भएका आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

ताराबहादुर कुंवर
प्रमुख प्रशासकीय अधिकृत

राधा रोका
उपप्रमुख

विशाल शर्मा
नगरप्रमुख

**तथा चौरजहारी नगरपालिका परिवार रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

**बहु उद्देश्यीय सम्पर्क सेवा प्रा.लि.**
**व्यवसायीक जीवनको सहयोगी साथि**

- ■ स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद विक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- ■ विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्याशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- ■रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- ■ फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- ■कम्प्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- ■पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- ■ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलब्ध छ ।

**प्रबन्धक निर्देशक :-** उपेन्द्रलाल कामी
**सर्म्पक नं.** ९८४४९१७४८५, ९८०९८२५७९२

## रेखदेख साप्ताहिक राशिफल

२-८बैशाख २०७६
15- 22 April 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५

**मेष :** व्यापार व्यवसायमा मध्ययम रहनेछ। नयाँ कार्य लाई अगाडि बढाउन समस्या आउनेछ । कुनै पनि काम गर्दा सोच बिचार गरेर अगाडि बढनु होला । सोचेको कार्यमा केहि बाधा रहनेछ । अवसर लाई प्रयोग गर्नुहोला । स्वास्थ्यमा केहि प्रतिकुलता हुनेछ। शिक्षामा भने अनुसार समय मिलाउन समस्या रहला ।




**वृष :** आफनो योजना गोप्य राखेर अगाडि बढनु होला । समय केहि प्रतिकुलता रहनेछ । पार्टनर काममा असफलता रहनेछ । बोल्दा बिचार गरेर बोल्नु होला । कार्यमा केहि समस्या आउनेछ तर सावधान लिएर अगाडि बढदा सफलता रहला । आफनो भन्दा अरुको कामको लागि बढि समय दिनु पर्ने देखिन्छ ।




**मिथुन :** आफुलाई मन पर्ने घराँयसि सामाग्री जोडने समय देखिन्छ । प्रतिस्पर्धामा सफलता रहनेछ। आत्मा बिश्वासले सफलता रहला ।तपाईको मेहनत र लगनशीलता बाट कार्यमा सफलता अबश्य रहनेछ। सोचेका केहि कामहरु बन्ने देखिन्छ। बिगतमा गरिएको केहि मेहनत बाट कार्यमा आज लाभ रहनेछ।




**कर्कट:** आफन्त तथा सहयोगिहरुको भूमिका बुझ्ने प्रयास गर्नु होला । मेहनत बाट कार्यमा अवश्य सफलता प्राप्त रहनेछ। कार्यमा केहि अल्छि पना आउने हुदा लगनशील बन्ने प्रयास गर्नुहोला । बादविवादमा नफस्नु होला ।तपाईको लागि अवसरहरु थुपै आउनेछन तर सोच बिचार गरेर अगाडि बढनु होला ।




**सिंह :** स्वास्थ्यका लागि खानपिनमा बिशेष ख्याल गर्नुहोला। आशा बाढनेहरु बाट धोका रहनेछ । तपाईको नजिकका व्यक्तिहरु बाट कमजोरीको टिप्पनि हुनेछ। साथी भाई सग भेटघाट बढने छ। समयलाई व्यवस्थापन गरेर अगाडि बढदा सफलता रहनेछ । समय अनुसार अगाडि बढन समस्या रहनेछ।




**कन्या:** छेनिक फाईदा लिन खोज्दा समस्या छ। आर्थिक समस्याहरु आउनेछन । समय लाई व्यवस्थापन गरेर अगाडि बढनु होला। अनाबश्यक आरोप लगाउनेहरु थुपै हुनेछन। खर्चमा बृद्धि रहनेछ। साथीभाई आफन्त सग केहि असमझदारी बढने देखिन्छ। अवसरको लागि संघर्ष गर्ने समय देखिन्छ।




**तुला :** घर परिवारको आवश्यकताका सामानहरु जोडने समय छ। बिगतमा रोकिएका कामहरु बन्नेछन । केहि कामको जिम्मेवारी लिनु पर्ने देखिन्छ । आम्दानी बढने समय छ। प्रयास बाट कार्यमा अवश्य सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता रहनेछ । साझेदारी तथा पार्टनर बाट कार्यमा सफलता रहनेछ।




**वृश्चिक :** पैत्तिक सम्पत्तिको प्रयोग बाट सफलता रहनेछ। व्यापार व्यवसायमा अवश्य सफलता रहला। साथी तथा आफन्तको साथ र सहयोग अबश्य मिल्नेछ। भेटघाट बाट कार्यमा सफलता रहनेछ। तपाईको मेहनत बाट कार्यमा सफलता अबश्य मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्ने देखिन्छ।




**धनु :** मेहनत बाट कार्य सफलतामा सहयोग रहला । स्वास्थ्यमा केहि प्रतिकुलता रहनेछ । कामको जिम्मेवारी लिनु पर्ने देखिन्छ । सहयोग गछु भन्नेहरु बाट धोका हुने देखिन्छ। रहनेछ। समयले अप्ठेरोमा पार्नेछ । व्यापार व्यवसायमा लगानी बढाउने समय देखिन्छ। आलस्यता गर्दा कार्यमा केहि बाधा रहनेछ।




**मकर :** घराँयसि कार्यमा केहि प्रतिकुलता रहनेछ। समस्या लाई समाधान गर्दै अगाडि बढने समय रहेको देखिन्छ । बिगतमा रोकिएका कामहरु प्रयास बाट सफलता हुने देखिन्छ। नसोचेको केहि कामहरु अवश्य बन्ने देखिन्छ । समस्यामा साथ दिनेहरु कमै छन । आन्तरिक कुराहरु पत्ता लगाउन सकिन्छ।




**कुम्भ :**कार्यमा व्यस्थता बढने समय रहेको देखिन्छ। यात्रामय समय छ। समस्यामा साथ दिनेहरु भेटिनेछन । घर परिवारको साथ र सहयोग बाट कार्यमा अवश्य सफलता रहनेछ। बिभिन्न साथ र सहयोग आउनेछ। प्रेम तथा दाम्पत्य जीवनमा सफलता र हनेछ। आयआर्जनमा ठिकै रहला।





**मीन :** केहि कमिकमजोरी लाई सुधार गर्ने समय रहेको छ। नविन ज्ञानको जानकारी प्राप्त रहने समय छ। दैनिक उपभोग्य सामान जोडने समय रहेको छ। प्रतिस्पधिहरु लाई पछि पार्ने समय रहेको छ। अल्छि गर्ने बानीले कार्यमा विलम्भता रहनेछ। प्रयास बाट धेरै कामहरु बनाउने समय रहेको छ।



# २०७६ सालमा नेपालको वार्षिक भविष्यफल

**जोतिष : ठाकुर देवकोटा ।**

श्री शाके १९४१ विक्रम २०७६ संवतको परिधावी नामक संवत्सर हो। यो प्रभवादि ६० सुसत्सर मध्येको ४६ औं सवत्सर हो । ग्रहहरुको राजा पदमा शनि तथा मन्त्री पदमा सूर्य ग्रह रहेका छन् । त्यसैगरी धान्येशमा चन्द्र, सस्येश पदमा बुध, रसेशपदमा शुक्र, नीरशेशपदमा बुध, मेघेश पदमा शनि, फलेश पदमा शनि, धनेश पदमा मंगल, दुर्गेश पदमा शनि रही ग्रह परिषद् गठित भएर वर्षारम्भ भएको छ । ग्रहले आ-आफ्नो कार्यभार सुसम्पन्न गर्न सबै ग्रह कटिवद्ध रहनेछ। यसरी ग्रह ६० प्रतिशत अशुभ र ४० प्रतिशत शुभ ग्रहले सहभागिता रहेको देखिन्छ । शुभ र अशुभ ग्रहको विश्लेषण गर्दा यस वर्षको समय अवधि मध्यम जस्तो देखिन्छ ।




राजा शनि र मन्त्री सूर्यको बीचमा आपसी शत्रुताले कार्य व्यवस्थामा बाधा, विरोध आदि उत्पन्नले सबैको मनमा नैराश्यता छाउँदा कुनै पनि कार्यक्रम र योजना निर्वाद हुने देखिदैन । अनेकौं विवादले जनताका समस्यामा राष्ट्र प्रमुखको दृष्टि नपुग्दा विकास निर्माणका कार्यमा गति लिन नसक्ला । राज्य शक्ति बलियो देखिए पनि राजनैतिक शक्तिहरुमा असहज परिस्थिति उत्पन्न हुनेछ । देशमा बन्द, हड्ताल, विरोध, उच्छृङ्खल र अमानवीय गतिविधिले उग्ररुप लिने देखिन्छ। आर्थिक, सामाजिक क्षेत्रमा सन्तोषजनक परिस्थिति देखिदैन । वैदेशिक अनुदान तथा रोजगारी क्षेत्रमा केही सुधारका कार्यहरु भए तापनि व्यवस्थापनमा कमजोरीका कारण उपार्जनका क्षेत्रमा ढिलासुस्ती हुने देखिन्छ । भौतिक पूर्वाधार तथा प्राविधिक शिक्षामा केही आशालाग्दा कामहरु हुनेछन् । व्यापारी वर्गको उन्नतिमा खासै प्रगति हुने देखिदैन । तर पनि नयाँ उद्योग, कलकारखानाको स्थापना हुने छन् । पत्रकारको सुरक्षामा राज्य गम्भीर नदेखिए पनि पत्रकार आफै आफ्नो हकहित पेशालाई मर्यादित बनाउन लागि पर्ने देखिन्छ । सञ्चार क्षेत्रमा नयाँ तथा केही आधुनिकता भित्रिने छ ।

कलाकारिता र साहित्यको क्षेत्रमा नविनतम प्रयोग हुनेछन् । सरकारी पक्षबाट भने कानूनमा केही अंकुश लगाउने देखिन्छ। स्वास्थ्य विज्ञानको क्षेत्रमा नयाँ प्रविधिको विकासले निरन्तरता पाउने छन्। राज्य र निजी क्षेत्रबाट स्वास्थ्य संस्थानहरु स्थापना भई केही मात्रामा भए पनि जनतामा आशा पलाउनेछ। मौसमी रोग, व्याधी तथा प्राण घातक रोगहरुको नियन्त्रणमा चासो नदेखाउँदा केही जटिलताहरु उत्पन्न हुनेछन् ।

सामाजिक अपराध, बलात्कार, चोरी, डकैती, लुटपात र अशोभनीय घटनाहरुमा केही नियन्त्रणका कामको अनुभूति हुनेछ। आन्तरिक तथा वैदेशिक रोजगारका क्षेत्रमा केही सफलता प्राप्त हुने देखिन्छ। वैदेशिक सहयोग पर्याप्त मात्रामा आए तापनि उत्पादन क्षेत्रमा लगानी नगर्दा कुनै ठूलो परिवर्तन हुनेछैन । प्रमुख कृषि बाली धान, गहुँ, मकै, जौलगायत वस्तुको उत्पादन राम्रो भए तापनि बजार भाउ नपाउँदा किसानहरु निरास हुनेछन। सुन, चाँदी, धातु, हिरामोती आदिको बजार भाउ मध्यम रहनेछ । जग्गा, जमिनको कारोबार बृद्धि रहनेछ। कृषि, पशुपालन व्यवसाय लाभदायक बन्नेछन् ।

जलवायुको परितर्वनको प्रभावले तापक्रममा प्रतिकूलता आउने छ । प्राकृतिक घटना भू-क्षय, बाढी, पहिरो, दैवीय विपत्ति तथा स्थल र हवाई दुर्घटना यस वर्ष पनि हुने देखिन्छ । ग्रह परिषद्मा ६ अशुभ प्रभावमा भएकोले सरकारी विरोधहरु देखापर्ने छन् । वर्षको राजा जगतलग्नमा केन्द्रमा दश मेश, निच र जगतलग्नको संसदको स्थानमा मालिक स्वइच्छाकारी तृतीयेश भाग्यमा भएकोले सरकार र संसदमा उतार चढाव परिस्थिति आउने छ। सांसदको असहयोगमा सहकारी योजनामा बाधा आउने छन् । लग्नेश, दशमेश दुबै निचो भएकोले केन्द्र, प्रदेश सरकार विरोधमा स्थानीय सरकार रहनाले जनताका नियमित कार्यहरु प्रभावित हुनेछन्। जगतलग्नमा वृहस्पति बलियो भएकोले शैक्षिक, बौद्धिक क्षेत्रमा उन्नति हुनेछ। षटेश शनि चतुर्थमा अष्टमेश दृष्टि भएकोले सेना, पुलिसको मनोबल बढ्ने नीति नियम बन्ने छन् । शुभ, चन्द्रको प्रभावले सञ्चार, प्रविधि, स्वास्थ्य, वैदेशिक नीति, बिमा क्षेत्रमा सफल छ। चतुव्येश बलियो भएकोले विकास निर्माणमा केही गति अवश्य आउने छ ।

सरकारी खर्चमा बृद्धि आउने देखिन्छ । दशममा पापग्रह भएकोले सरकारका महत्वाकांक्षी योजनाहरु आउनेछन् । सरकारी कोषमा केही दुरुपयोग हुनेछ । बुध निचो हुनाले व्यापार वर्गमा औद्योगिक क्षेत्रमा समस्या नै देखिन्छ। यस वर्षमा कृषि उत्पादन बृद्धि, शैक्षिक र प्राविधिक क्षेत्रमा वैदेशिक सहायता आउने छ। नेपालको राशिमा आढेसाती शनि ग्रहले खर्चमा बृद्धि, काममा ढिलासुस्ती रहनेछ। वर्षको शुरुवातमा वृहस्पतिको शुभ योगले बौद्धिक वर्ग र राजनेताहरुको सोंच क्षमता बृद्धि रहने छ। वर्षको मध्यभाग पछि देशको आर्थिक शुभ संकेत आउने छ । नेपालको लागि यस वर्ष जेष्ठ, श्रावण, भाद्र, मंसिर र चैत्र महिना नराम्रो सावित रहनेछ।लेखक : नेपाल ज्योतिष परिषद केन्द्रिय आजीवन सदस्य ज्योतिष सञ्चार परामर्श केन्द्र तुल्सीपुर लाईनमा कार्यरत छन् ।

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सोविराम पुन (व्यवसायीक )
प्रोप्राईटर पवित्रा कुमारी पुन
नमूना बंगुर, खुखरा पालन तथा किराना पसल
रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नविनकुमार ओली (व्यवस्थापक)
सिद्दार्थ हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.मुसीकोट १
रुकुम पश्चिम

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लोकबहादुर घर्ति (प्रमुख)
जिल्ला कारागार परिवार
रुकुम पश्चिम

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टोपबहादुर खड्का
न्यू जेटी कम्प्युटर मुसीकोट -१
रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
यज्ञबहादुर विष्ट (प्रवन्धक)
डिग्रे शाईकुमारी बचत तथा ऋण सहकारी संस्था
मुसीकोट -१ रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रवन्धक
अमरजय गेष्ट हाउस
मुसीकोट नगरपालिका १ त्रिवेणीचोक
रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश उपाध्याय
जिल्ला नापी कार्यालय रुकुम (पूर्व)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरिजङ्ग शाह
जिल्ला मालपोत कार्यालय रुकुम (पूर्व)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रवन्धक
साझा अस्पताल मुसीकोट १ तल्लोबजार
रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रशाराम खत्री (सदस्य सचिव)
युवा तथा साना व्यवसाय स्वरोजगार कोष
रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रुकुम उद्योग वानिज्य संघ
परिवार रुकुम (पश्चिम)

हार्दिक शुभकामना
नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विद्युत प्राधिकरण
मुसीकोट वितरण शाखा
रुकुम पश्चिम

# ३ वर्षसम्मका बच्चालाई के खुवाउने ?

शिशु गर्भमा रहुन्जेल आमाले खाएको खानाबाट नै पोषण प्राप्त गर्दछ। तर जन्मिएपछि उसको खानपानका परिवारले निकै सावधानी अपनाउनुपर्छ। खानपानको सामान्य चिजले पनि बच्चालाई हानी पुर्‍याउन सक्छ। ३ वर्षको उमेरसम्म बच्चालाई जे ख्वाइन्छ, त्यसले उसको पूरा जीवन र बानीमा सिधा असर पर्छ। आखिर ३ वर्षसम्मका बच्चालाई के खुवाउने त ?

१. जन्मको पहिलो ६ महिनासम्म शिशुलाई आमाको दूध अर्थात् स्तनपानमात्र गराउनुपर्छ।

२. ६ महिनापछि उमालेर सेलाएको पानी चम्चाले दिनुपर्छ, केही समयपछि सानो ग्लासमा दिन सकिन्छ।

३. ध्यान दिनुहोस्, बच्चालाई कुनै पनि उमेरमा बोतलबाट दूध या पानी नदिनुस्।

४. ६ महिनापछि बिस्तारै सामान्य चिजहरुलाई आहारमा सामेल गर्न सकिन्छ।

५. घरमै तयार पारिएको दाल, जाउलो अलि-अलि दिन सकिन्छ।



६. छैटौं महिनामा केरालाई दूधमा दिन सकिन्छ। बिस्तारै स्याउ, मेवा, आँपजस्ता फलफूल बच्चाको आहारमा सामेल गर्नुपर्छ।

७. सातौं महिनामा राम्ररी पकाइएको तरकारी मसिनो बनाएर खुवाउन सकिन्छ।

८. नौ महिनाका बच्चालाई गाई या भैंसीको दूध गिलासमा दिन सकिन्छ। तर के ध्यान दिनुपर्छ भने बच्चाले जहिलेसम्म आमाको दूध खान्छ, त्यतिबेलासम्म निरन्तर खुवाईरहनुपर्छ।

९. एक वर्षपछि सन्तुलित र पूर्ण आहार दिनुपर्छ।

१०. बच्चालाई सानै उमेरमा जंकफुड खुवाउनुहुन्न। सानै उमेरमा जंकफुड खुवाए पछि त्यो लत बन्न सक्छ र स्वास्थ्यमा असर पर्छ।

स्वास्थ्य खबर डटकमबाट

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्णबहादुर खड्का
वडाध्यक्ष
त्रिवेणी गा.पा. ८ मुसीकोट १ रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विरबहादुर खड्का वडाध्यक्ष
अमरबहादुर पुन (वडासचिव) त्रिबेणी गा.पा.वडा नं. -७ रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । हामी कहाँ स्वदेशी तथा विदेशी ब्राण्डका कपडाहरु सुपुथ मुल्यमा पाईन्छ ।

खिमा शिर्पाली र सुन्दर शिर्पाली
शिर्पाली फेन्सी स्टोर त्रिबेणी गा.पा.-२
सिम्रुतबजार रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सागर चन्द
सागर मोवाईल पसल त्रिबेणी गा.पा.-२
सिम्रुतबजार रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डम्बर वि.क.
न्यू नमूना सुन चाँदी पसल त्रिबेणी गा.पा.-२
सिम्रुतबजार रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहबीर खड्का
आशा ट्रेर्डस
मुसीकोट १ रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टार्जन बस्नेत
टार्जन मोवाईल सेन्टर त्रिबेणी गा.पा.-३
रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लालबहादुर डाँगी
डाँगी चिया नास्ता होटेल त्रिबेणी गा.पा.-३
खारानेटा रुकुम (पश्चिम)

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन
कार्यालय रुकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ। भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपशिल :
१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

डिभिजन प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन
कार्यालय रुकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

आठबिसबकोट नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

## व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्बन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

'एक्काइसौं शताब्दीको आवश्यकता, वैज्ञानिक, व्यावहारिक र गुणस्तरिय शिक्षा प्रदान गर्ने हाम्रो प्रतिबद्धता'

**आउनुहोस ! बुझ्नुहोस् !! भर्ना गर्नुहोस !!!**

**के तपाईंहरु आफ्नो बालबालिकाहरुको सुनौलो भविष्य चाहनुहुनछ ? चाहानुहुन्छ भने चिन्ता नगर्नुहोस २०७४ सालको SEE परिक्षामा दुई जना A+ ल्याएर जिल्ला प्रथम सहित शतप्रतिशत उत्तीर्ण गराउन सफल ,२०७४ सालको कक्षा ८को नगर स्थरिय परिक्षामा ९ जना A+ सहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल रूकुम जिल्लाकै पहिलो संस्थागत विद्यालय र शिक्षा क्षेत्रमा उत्कृष्ट र नमुना श्री विजयश्वरी सेकेण्डरी इङ्गलिस मिडियम बोर्डिङ्ग स्कुलमा d G6 Ɉ / L -montessori ) कक्षादेखि कक्षा ९ सम्म सिमित सिटको लागि नयाँ भर्ना फारम वितरण भैरहेकोले आफ्नो बालबालिकाहरुको उज्वल भविष्यको लागि समयमा नै भर्ना गराई सिट सुरक्षित राख्नुहोस् साथै नयाँ भर्नाको लागि आवेदन फंम जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको दुई प्रति फोटो अनिवार्य हुनुपर्ने छ ।**

**हाम्रा विशेषताहरु:-**

१ .मुसिकोट न.पा.वडा नं.१ खलंगाको अति मनोरम हरियाली सुन्दर एवम ध्वनि प्रदुषणबाट मुक्त स्थान टटेलामा अति आधुनिक र भृकम्प प्रतिरोधि आफनै भवनमा पठन पाठन सञ्चालन गर्दै आएको ।
२.विद्यालयको परिसरमा हुने सर्म्पुण गतिविधी निगरानी गर्ने कक्षाकोठा र बाहिरी भागमा CC camera जडान गरि आवश्यकता अनुसार मल्टिमिडिया अर्थात प्रोजेक्टर माध्यवाट पठन पाठन गराईने ।
३. शिक्षक-शिक्षिका, छात्र-छात्राका लागि व्यवस्थित छुट्टछुटै शौचालयको व्यवस्था एंव छात्रा विद्यार्थीहरुका लागी changing room को व्यवस्था भएको ।
४. विद्यालय चारैतर्फ घेरवार तथा सुरक्षा गार्डको व्यवस्था ।
५. विद्यालय भित्र चमेना गृहको व्यवस्था हुनुका साथै आवासमा वस्ने विद्यार्थीका लागि सुविधा सम्पन आवास चिसो र तातो स्वच्छ पीउने पानि र नुहाउने पानीको व्यवस्था ।
६. तालिम प्राप्त शिक्षिकाबाट मन्टेश्वरी कक्षामा खेल संगित तथा मनोरञ्जन विधीबाट पठनपाठन गराईने ।
७. कक्षा १ देखि प्रयोगात्मक सहित कम्प्युटर कक्षाहरु सञ्चालन र आवश्यकता अनुसार निशुल्क ईन्टरनेटको व्यवस्था भएको ।
८. विद्यालयमा खेलकुद सामाग्री पुस्तकाल र विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
९. दक्ष एवं विषयगत विशेषज्ञ शिक्षक शिक्षिकाहरुद्धारा मनोवैज्ञानिक ढङ्गले पठन पाठन गरिदै आएको ।
१०.विभिन्न विधामा अति उत्कृष्ट १-१जना एवम् दलित, जनजाती, अपाङ्ग, अशक्त, न्यून आर्थिकस्तर भएका र द्वन्दपीडित छात्र-छात्रालाई छात्रावृति प्रदान गरिने ।
११.इच्छुक विद्यार्थीहरुलाई तेक्वान्दो र कराते खेलहरु सिकाईने साथै साहित्य संगित र नृत्य कक्षा सञ्चालन गराईने ।
१२. एकै परिवारका तिन जना भर्ना भएमा विचको एक जनालाई र चारजना भर्ना भएमा ठुलो कक्षामा पढनेलाई मासिक शुल्क र भर्ना नि:शुल्क गरिने ।
१३.कमजोर बालवालिका लागि ट्युसन तथा कोचिङको व्यवस्था गरिएको सथै प्रत्येक शुक्रवार English speaking class सञ्चालन गरिने ।
१४.नयाँ विद्यार्थीलाई Entrance Exam लिएर मात्र भर्ना गरिने।
१५.हरेक हप्तामा विद्यार्थीहरुको शैक्षिक प्रगतिको मुल्याङ्कन गरिने र त्यसको जानकारी अभिभावकलाई दिईने ।
१६.एकै परिवारका तिन जना बोर्डस भएमा एक जनालाई आवास सुविधामा ५० प्रतिशत छुट दिईनेछ ।
१७.विद्यार्थीको सुविधालाई मध्यनजर गर्दै स्कुल बसको व्यवस्था भएको ।

नोट : २०७५ चैत्र २४ गते देखि फारम वितरण गरिने छ । चैत्र २८ गते देखि up grade (ग्रेड वृद्धि) भएका विद्यार्थीहरुको रजिष्ट्रेशन गरिने छ । २०७६ बैशाख २ गते देखि नयाँ भर्ना सुरु गरिने छ । नयाँ फारम भरेका विद्यार्थीहरुले प्रवेश परिक्षा २०७६ साल बैशाख ७ गतेका दिन लिईनेछ । साथै वैशाख १० गतेदेखि कक्षा सञ्चालन हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**विशेष सहुलियत**

१.२०७६/१/२ गते बिसौंसम्म भर्ना हुनेलाई ७५% छुट र सोभन्दा माथि भर्ना हुनेलाई ६०% छुट ।
२.२०७६/१/३गते भर्ना हुनेलाई ५५% छुट ।
३.२०७६/१/४ गते भर्ना हुनेलाई ५० % छुट ।
४.२०७६/१/५गते भर्ना हुनेलाई ४५ % छुट ।
५.२०७६/१/६ गते भर्ना हुनेलाई ४० % छुट ।
६.२०७६/१/७ गते देखि २०७६/१/३० गतेसम्म भर्ना हुने सबैलाई ३५% छुटको व्यवस्था गरिएको छ ।

**थप जानकारीको लागि**

जयबहादुर थापा (प्रिन्सिपल)
श्री विजयश्वरी सेकेण्डरी इङ्गलिस मिडियम बोर्डिङ्ग स्कुल मुसीकोट १ रुकुम (पश्चिम)
**फोन नं.** ०८८-५३०२४३ मोबाईल नं.९८४८५११६५३
९८४७८५२४००, ९८६६८२७०९६


# जुवा खेल्ने कुखुराका भाले पक्राउ




गत वर्ष भारतमा एउटा गधा पक्राउ गरी हिरासतमा थुनिएको खबर आएको थियो । गधा पक्राउको किर्तिमान तोड्दै भारतले हालै कुखुराका भाले पक्राउ गरेको छ ।

भारतको हरियाणामा हालै ६ वटा कुखुरा पक्राउ परेका छन् । पुलिसले ती कुखुरालाई पक्राउ गरी हिरासतमा राखेको हो । पुलिसले कुखुरा पक्राउ गर्नुको कारण चाहीँ रोचक नै छ । वास्तवमा ती कुखुराका भालेलाई स्थानीय एक समूहले जुधाएर जुवा खेलाउने गरेको थियो ।

भाले जुधाएर जुवा खेल्ने गरिएको उजुरी पुलिसमा परेपछि पुलिसले त्यस्तो कार्यमाथि निगरानी सुरु गर्यो । त्यसपछि एकदिन पुलिसले कुखुरा जुधाएर जुवा खेलाउने समूहलाई पक्राउ गर्यो । त्यसक्रममा उक्त स्थानमा रहेका ६ वटा कुखुराका भाले पनि पक्राउ गरिएको हो । जुवाडेहरुबाट नगद र गाडीहरु समेत बरामद गरिएको छ ।

पक्राउ गरिएका कुखुराका भालेको स्वामित्व कसैले नलिएसम्म ती भालेहरुलाई पुलिस चौकीमै राखिने बताइएको छ । एजेन्सी


'सिकाइले नै व्यक्तिको जीवन निर्धारण गर्दछ'
'तपाईहरुको बच्चाहरुको भविष्य अहिले दिइने शिक्षामा भर पर्दछ'

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**हजुर तपाईंका नानी बाबुहरूलाई विगत वर्ष हरुदेखि गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको रुकुम एभरेष्ट ईङ्गलिस एकेडेमीमा शैक्षिक सत्र २०७६ का लागि मन्टेश्वरी कक्षा देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउदछौं ।**

**हाम्रा विशेषताहरु:-**

- आफ्नै पक्की भवनमा सुविधायुक्त बोर्डस र डे बोर्डसको व्यवस्था भएको ।
- स्वच्छ, सफा, शान्त, अनुशासित र अध्ययन उपयुक्त वातावरणमा पठनपाठन हुने ।
- स्वदेश तथा विदेशका प्रशिद्ध विश्वविद्यालयबाट अनुभव प्राप्त शिक्षक-शिक्षिकाहरुबाट अध्यपन गराइने
- विद्यार्थीको मनोविज्ञानलाई बुझी विद्यार्थी केन्द्रित विधीबाट अध्यपन गराइने ।
- आधुनिक प्रविधीको प्रयोग गरी विद्यार्थीले बुझ्ने गरी सरल तरिकाले पढाई हुने ।
- शैद्धान्तिक र प्रयोगात्मक विधीवाट कम्प्यूटर शिक्षाको पठनपाठन गरिने ।
- आफ्नै खेलमैदानमा सुरक्षित ढङ्गले फुटबल, भलिबल, ब्याडमिन्टनका साथै अन्य थुप्रै खेलहरु खेलाइने ।
- साहित्य, संगित, नृत्यका साथै अन्य धेरै अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने ।
- तालिम प्राप्त शिक्षक शिक्षिकाहरुबाट मनोरञ्जनात्मक विधीबाट मन्टेश्वरी कक्षा संचालन भएको ।
- प्रत्येक कक्षामा ५ जना सम्मलाई पूर्ण छात्रवृत्रिको व्यवस्था ।
- दलित, गरिव, जेहेन्दार र जिल्लाका दुर्गम वस्तिका छात्र-छात्राहरुलाई छात्रवृत्तिमा ग्राहयता दिईनेछ ।

**नयाँ वर्षको अवसरमा वैशाख १ गते देखि ३ गते सम्म भर्नामा १००% छुट र ४ गत्ते देखि १० गत्ते सम्म ५०% छुटको व्यवस्था छ ।**

रुकुम एभरेष्ट इङ्गलिस एकेडेमी
मुसिकोट १, सहिद मैदान नजिक रुकुम (पश्चिम)
फोन नं. ०८८-५३०११९ मोबाईल नं. ९८४७९३६४८०

नयाँ वर्ष २०७६ सालको उपलक्ष्यमा सम्पूर्ण महानु भावहरुमा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।


**जनहितमा जारी सन्देश**

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

वर्डफ्लुको खतराबाट जोगिन हामी
सबै सतर्क र सचेत हौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग


**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम**
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रूकुम